# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE (ECHO GROUP)

**India's National Spiritual Newspaper**

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKODA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXII | NOVEMBER 2022 | No. 11


**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह ७७:१-११**

१. मैले सहायताको निम्ति परमेश्वरमा पुकारा गरें । उहाँले मलाई सुनून् भनेर मैले परमेश्वरलाई पुकारें ।

२. मेरो दुःखको घडीमा मैले परमप्रभुलाई खोजें, राती नथाकी मेरो हात पसारें अनि मेरो प्राणले सान्त्वना ग्रहण गर्न चाहेन ।

३. हे परमेश्वर, मैले तपाईंलाई सम्झें र अफसोस गरें, मैले चिन्ता गरें र मेरो आत्मा शिथिल भयो ।

४. तपाईंले मेरा आँखा लाग्न दिनुभएन, म यति दुःखित भएँ कि बोल्न पनि सकिनँ ।

५. बितेका दिनहरू, धेरै पुराना वर्षहरूको मैले सम्झना गरें ।

६. राती मैले आफ्ना गीतहरू सम्झें, म ध्यानमा बसें र मेरो आत्माले यो सोध्यो:

७. के परमेश्वरले सदाको निम्ति इन्कार गर्नुहुन्छ र उहाँले फेरि कहिल्यै निगाह राख्नुहुन्न ?

८. के उहाँको अचूक प्रेम सदाको लागि मेटिएको छ ? के उहाँका प्रतिज्ञाहरू सदाको निम्ति समाप्त भएका छन् ?

९. के परमेश्वरले दया गर्न बिर्सनुभएको छ ? के रिसाएर उहाँले आफ्नो कृपा-दृष्टि बन्द गर्नुभएको छ ?

१०. अनि मैले सोचें, "यस कुरामा म अपिल गर्छु: सर्वोच्चको दाहिने बाहुलीका वर्षहरू ।"

११. परमप्रभुका कार्यहरूको म स्मरण गर्नेछु, निश्चय नै तादिका तपाईंका आश्चर्यकर्महरू म सम्झनेछु ।

# परमप्रभुले तपाईंलाई पनि आशिष् दिनुहुनेछ

THE LORD WILL BLESS YOU ALSO!

**तेरा बुबाका परमेश्वर, जसले तँलाई सहायता गर्नुहुन्छ, सर्वशक्तिमान, जसले तँलाई आशिष् दिनुहुन्छ- माथि स्वर्गका आशिष्‌हरु, तल अगाधका आशिष्‌हरु, स्तर र गर्भका आशिष्‌हरु**

(उत्पत्ति ४९:२५) ।



**(बोलावटको प्रतिध्वनिको ५४ औं वार्षिकोत्सवको समयमा पास्टर एस. अब्राहामले दिनुभएको प्रभुको सन्देश)**

उत्पत्ति ४९ मा हाम्रा पुर्खा याकूब मर्नुअघि तिनीद्वारा दिइएका आशिष् परमप्रभुले प्रकट गर्नुभएको छ ।

याकूब भन्ने नामको अर्थ वृद्धि हुँदै जानु हो । माथि उल्लेख गरिएको पद (उत्पत्ति ४९:२५) चाहिँ योसेफलाई दिइएको आशिष् हो । यो आशिष्‌मा हामीले चार प्रकारका आशिष्‌हरू देख्न सक्छौं:

१. स्वर्गबाट आउने आशिष्,

२. तल अगाधबाट आउने आशिष्,

३. आमासँग सम्बन्धित आशिष्, जसले आफ्ना सन्तानलाई खुवाउँछिन्,

४. आमाको गर्भसँग सम्बन्धित आशिष्‌हरू, जससँग धेरै पुस्ताहरू जन्माउन सक्ने क्षमता छ, आमाले बच्चाको जन्म हुने समयमा ठूलो पीडाको अनुभव गरे पनि ।

## १. स्वर्गबाट आउने आशिष्‌हरू:

स्वर्गबाट आउने आशिष्‌हरू अत्यन्तै उत्कृष्ट हुन्छ । परमेश्वरका हरेक जनले यो आशिष् प्राप्त गर्नुपर्छ । जब हाम्रा पुर्खा इसहाकले आफ्नो छोरालाई आशिष् दिए, तिनले सबैभन्दा पहिले स्वर्गीय आशिष् दिए: **"परमेश्वरले तँलाई आकासको शीतबाट र पृथ्वीको प्रचुरताबाट धेरै दाखमद्य र अन्न दिऊन्"** (उत्पत्ति २७:२८) । यो आशिष्‌अनुसार, इसहाकद्वारा उल्लेख गरेका हरेक थोक परमप्रभु परमेश्वरले याकूबलाई दिनुभयो । उत्पत्ति १:१ मा हामीले पढ्छौं, **आदिमा परमेश्वरले आकासमण्डल र पृथ्वी सृष्टि गर्नुभयो** । त्यसैले, बाइबलले औंल्याउँदछ कि सबैभन्दा पहिले

बाँकी पृष्ठ ३ मा

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


**CHIEF EDITOR**
Angeline Selvakumari Henry, M.A., M.Ed.

**MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th., M.Div.

**ADMINISTRATION**
Bro. N. Prakasam, M.A., General Manager

**EDITORIAL BOARD**
Sis. Jesy Veena Sam
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Rev. Dr. K.R. Rajasekaran
Dr. A. Richard Samuel, M.A., Ph.D.

**EDITOR, PUBLISHER & PRINTER**
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858

**CORE LEADERS**
Bro. K. Puratchivendan
Bro. A. Edward Durai
Bro. A. Alvin
Bro. K. Abraham
Sis. Dhanalakshmi Chinnaiah

**E.mail ID**
sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**
www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**
Echo of His Call


**परमप्रभुले तिमीहरू माथि दया दृष्टि राखुन् अनि तिमीहरूमा शान्ति दिऊन्। (गन्ती 6:26)**

खीष्ट येशूमा प्यारा मित्रहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू खीष्टको अचम्मको नाउम्मा प्रेमसाथ हामी तपाईंलाई अभिवादन गर्दछौं ।

परमेश्वरको प्रशस्त कृपाद्वारा २०२२ वर्षको अन्त्य चाँडै आइरहेको छ। संसारभरिका मानिसहरूले आफैंलाई तयार गरिरहेका छन् र येशू खीष्टको जन्म र नयाँ वर्ष २०२३ को साँझमा उत्सव मनाउन व्यग्र भएर पर्खिरहेका छन्। आत्मिक मानिसहरू भएर हामीले आत्मिक मार्गहरूमा यी दिनहरूलाई गम्भीरतापूर्वक प्रयोग गर्नुपर्छ। हामीले आफैंलाई अविरल प्रार्थना र परमेश्वरको साँचो सेवकाइहरूमा संलग्न गराउनुपर्छ।

प्रार्थना र सेवकाइ सिक्काका दुई पाटाहरू हुन्। धेरै मानिसहरू परमेश्वरको सेवकाइमा अत्यन्तै व्यस्त भएका तर आफ्नो प्रार्थनाको तालिकालाई त्यागेको हामीले देख्छौं । यसले आत्मिक थकान र पछि हट्ने कुरा परिणाममा ल्याउनेछ ।

यो बिहानी परमेश्वरले मलाई दिनुभएको कुरा हातले लेखिएको छोटो विवरण म तपाईंसँग तल बाँड्छु ।

मानिसहरूसँगको संगतिले कहिलेकाहीं तीतो भावना ल्याउँछ। हामी सिद्ध मानिस होइनौं तर हामी हरेक दिन सिद्धतातर्फ रूपान्तरण भइरहेका छौं। हामी पवित्र आत्मामा खुल्ला हुन्छौं भने हामीलाई सुधार गर्न र परिवर्तन गर्न परमेश्वरले मानिसहरूको प्रयोग गर्नुहुन्छ। तर सधैं प्रार्थना गर्ने मानिसले क्रोध र शंकाको निम्ति कुनै स्थान दिनेछैन ।

प्रार्थनाको अभावको कारण कुरा काट्ने र विवाद आउँछ। प्रार्थना नगर्ने मानिस यी दुईमध्ये एउटा कुराको स्रोत हो, चिन्ता वा पछि हट्नु। संगतिमा आउने चुनौतीहरू र समस्याहरूका बारेमा पावलले स्पष्ट रूपमा थाहा गरेर मण्डलीको निम्ति कठोर नियम बनाए, मानिसहरूले निरन्तर प्रार्थना गर्नुपर्छ। तिमोथीलाई यही समस्या सम्हाल्ने जिम्मेवारी दिइएको थियो । जब प्रेरितहरूले प्रार्थनाको निम्ति कम समय लिएर सुरुका मण्डलीमा भएका कुराहरूलाई सम्हालिरहेका थिए, तिनीहरूले समस्या, असन्तुष्टि र द्वन्द्व आइरहेको देखे । तिनीहरूले तुरुन्तै कारण पत्ता लगाए- प्रार्थनाको कमी। जब तिनीहरूले प्रार्थनाको लागि आवश्यक व्यवस्था गरे, फेरि संगतिको मीठासमा निरन्तरता आएको थियो (प्रेरित ६:४)।



*Key Leaders of our ministry in Chennai*

**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

जब प्रार्थना असफल हुन्छ, पवित्रता असफल हुन्छ। सबै प्रकारका पाप भित्र आउँछ- आँखाको शेखी, शरीरको शेखी र जीवनको घमण्ड आउँछ र व्यक्तिगत मुक्ति र ठूलो स्तरमा ख्रीष्टको शरीरमा विपत्ति ल्याउँछ। त्यहाँ सन्तुष्टि हुँदैन। गनगन, गुनासो, गल्ती मात्रै खोज्ने, आलोचना र दोषरोपण वृद्धि हुन्छ। यीचाहिँ प्रार्थनाविहीनको तीता फलहरू हुन्। शंकाले पीडादायी अन्त्यको मार्ग दिनेछ। जब प्रार्थनामा मानिसहरू असफल हुन्छन्, ती सबै कुरा हुन्छन्। प्रार्थनाविहीनताको परिणामको रूपमा संगति असफल हुन्छ। प्रार्थना जीवनको रगत हो, जसले पवित्र आत्माका फल उत्पन्न गर्छ।

## हाम्रा मुख्य अगुवाहरूका निम्ति विशेष कार्यक्रम

हामीले १२ सेप्टेम्बर साँझ ५ बजे संगति र प्रार्थनाको निम्ति चेन्नाइमा भएका हाम्रा सेवकाइका मुख्य अगुवाहरूको विशेष भेटघाट राखेका

*ख्रीष्ट येशूमा तपाईंका सेवकहरू***भाइ हो, हाम्रो निम्ति प्रार्थना गर** (१ थेसलोनिकी)। परमेश्वरले तपाईंलाई आशिष् देऊन्।

थियौं। परमेश्वरले त्यसमा आशिष् दिनुभयो।

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858, E.mail : samselvaraj333@gmail.com

*पृष्ठ १ बाट*

आकासमण्डल सृष्टि गरिएको थियो। परमेश्वरले आकासमण्डललाई ठूलो महत्व दिनुभयो। जब परमेश्वरले अब्राहामलाई दिनुभएको प्रतिज्ञाको बारेमा तिनले शंका गरे, परमप्रभुले तिनलाई बाहिर लैजानुभयो र माथि आकासमा हेर्न लगाउनुभयो।



**अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो, "आकासतिर हेरेर तारा गन्न सक्छस् कि सक्दैनस्, गनिहेर।" उहाँले तिनलाई भन्नुभयो, "तेरा सन्तानहरू पनि त्यस्तै हुनेछन्"** (उत्पत्ति १५:५)। जब हामी यो सांसारिक जीवनमा थकित बन्छौं, परमेश्वरले हामीतिर स्वर्गीय आशिष् औंल्याउनुभएको कारण हाम्रा शोकहरू आनन्दमा परिणत हुनेछन्। एउटा सानो



केटो येशू ख्रीष्टकहाँ आएको थियो। ऊसँग पाँच रोटी र दुई माछा थिए। जब त्यो खानेकुरा प्रभु येशू ख्रीष्टको हातमा आएको थियो, त्यसले ५००० भन्दा धेरै मानिसहरूको भोक शान्त गरेको थियो। सानो केटोको खानेकुराले कसरी त्यति धेरै मानिसहरूलाई खुवाएको थियो ? यो आश्चर्यकर्म कसरी भएको थियो ? के यो येशू ख्रीष्टले खानेकुरा स्वर्गतिर उचालेर स्वर्गको आशिष् प्राप्त भएको हुनाले भएको थिएन र ?

येशू ख्रीष्टको सेवकाइमा उहाँको प्रायः स्वर्गतिर हेर्ने बानी थियो। स्वर्गको आशिष्ले स्वर्गीय बासस्थानबाट शक्ति तल ल्याउनेछ, जहाँ परमेश्वर बास गर्नुहुन्छ। स्वर्गीय आशिष्को महिमाको कारण सानो केटोको लागि मात्रै पर्याप्त भएको खानेकुरा यति शक्तिशाली बन्न सक्यो कि त्यसले हजारौं मानिसहरूको भोक मेटेको थियो।

स्वर्गको महिमा प्रमाणित गर्ने अर्को एउटा घटनालाई हामीले हेरौं। एक पटक मानिसहरूले येशू ख्रीष्टकहाँ बहिरो र गूँगो मानिसलाई ल्याए। मर्कूस ७:३३,३४ मा हामीले पढ्छौं, **त्यसलाई भीडबाट अलग्गै एकान्तमा लगेर येशूले आफ्ना औंलाई त्यसका कानमा लगाउनुभयो। त्यसपछि थुकेर त्यसको जिब्रो छुनुभयो। अनि स्वर्गतिर हेरेर लामो सास लिई त्यसलाई भन्नुभयो, "इफ्फाता" अर्थात् "खोलिजा"** (मर्कूस ७:३३,३४)। जब लाजरस बिरामी परेका थिए, तिनलाई निको पार्न मानिसहरूले येशू ख्रीष्टलाई निम्त्याएका थिए। तर येशू ख्रीष्ट लाजरसलाई हेर्न आउनुभएन, जब तिनी बिरामी थिए वा तिनी मरेका थिए। लाजरस मरेको चार दिनपछि उहाँ तिनको घरमा जानुभयो। लाजरस येशू ख्रीष्टको प्रिय मित्र भए पनि उहाँ तिनको चिहानमा आउनुभयो, जबकि लाजरसको शरीर गन्हाउन सुरु भइसकेको थियो (यूहन्ना ११:३९)। यूहन्ना ११:४१,४२ मा बाइबलले भन्दछ, ...**अनि येशूले मास्तिर नजर उठाएर भन्नुभयो, "हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु किनकि तपाईंले मेरो बिन्ती सुन्नुभयो। मलाई थाहा छ कि तपाईंले मेरो बिन्ती सधैं सुन्नुहुन्छ...।"** त्यसकारण, स्वर्गबाट आशिष् र शक्ति प्राप्त गरिसकेपछि, **उहाँ ठूलो सोरले कराउनुभयो, "लाजरस, बाहिर निस्की आऊ"** (यूहन्ना ११:४३)। त्यसपछि, चार दिनदेखि मरेको, गन्हाएको शरीर भएको लाजरस जीवितै बाहिर निस्की आए। समस्या जतिसुकै ठूलो भए पनि त्यो येशू ख्रीष्टको लागि समस्या होइन। कुनै पनि समस्याभन्दा उहाँ ठूलो हुनुहुन्छ किनकि उहाँ सर्वशक्तिमान र शक्तिशाली परमेश्वर हुनुहुन्छ। हाम्रो परमप्रभु परमेश्वरको शक्ति तल ल्याउने स्वर्गीय आशिष् कुनै पनि समस्याभन्दा ठूलो छ। यसका अतिरिक्त, यसले सबैलाई परमेश्वरको राज्य प्रदान गर्दछ, जसले इमानदारपूर्वक विश्वास गर्छन्। **जब इस्राएलका मानिसहरू रिपिदिममा थिए, पिउने पानीको सम्बन्धमा तिनीहरू मोशासँग रिसाए। त्यो समयमा मोशाले माथि हेरे र परमप्रभुमा पुकारा गरे** (प्रस्थान १७:१-४)। त्यो सुख्खा क्षेत्रमा, अचम्मको तरिकामा स्वर्गीय आशिष् तल आएको थियो र **पानी चट्टानबाट बाहिर निस्किएको थियो** (प्रस्थान १७:५-६)।

जब याकूब बेर्शेबा छोडेर हारानतिर गएका थिए, उनी घरविहीनझैं नोमादको स्थानमा बसेका थिए। त्यहाँ कुनै खाट वा सिरानी थिएन। तिनले ढुंगालाई सिरानीको रूपमा प्रयोग गरे। आफ्नो भविष्यको बारेमा केही पनि थाहा नगरेर तिनी सुते। तिनी जीवनको ज्ञानमा सुरुवात गर्ने व्यक्ति थिए र तिनी ठूलो मानसिक तनावमा थिए। त्यहाँ तिनले सपना देखेः ...**जमिनमा खडा गरिएको एउटा भर्याङ रहेछ र त्यसको टुप्पाचाहिँ आकाससम्मै पुगेको रहेछ र परमेश्वरका**

**दूतहरू त्यसमा उक्लने र ओर्लने गर्दारहेछन् । परमप्रभु त्यसमाथि उभिनुभयो...** (उत्पत्ति २८:१२,१३) ।

परमेश्वरका एक जना जनले आफ्ना सम्पूर्ण बचत र मानिसहरूले दिएका भेटीबाट ५००० सीट क्षमता भएको मण्डली निर्माण गरे । केही महिनाभित्रै ठूलो आँधीले मण्डलीमाथि बज्रियो, जुन तिनले धेरै समस्याहरूका बीचमा निर्माण गरेका थिए र भवन भत्कियो । तिनी भयानक पीडामा भए पनि जब तिनले परमेश्वरको प्रशंसा गरे, धेरै मानिसहरूले तिनलाई गिज्याए । त्यस्तो समस्याग्रस्त अवस्थामा केही मानिसहरू तिनीकहाँ आए र "के तपाईं हाम्रो मण्डलीमा प्रचार गर्न सक्नुहुन्छ ?" भनेर सोधे । त्यसले तिनलाई सान्त्वना दिन्छ भन्ने सोचले तिनले तिनीहरूका अनुरोध स्वीकार गरे । धेरै महिनासम्म तिनी त्यहाँ प्रचारको सेवकाइमा सहभागी भए । तिनले प्रचार गरेको स्थानमा मानिसहरूले परमप्रभुको महिमा अनुभव गरेको हुनाले तीमध्ये धेरै जना सेवामा सहभागी हुन सुरु गरे । धेरै मानिसहरूले नयाँ जीवन पाए । जब तिनले करिब दुई लाख जति भीडलाई प्रचार गर्न सुरु गरे, तब तिनले परमप्रभुको मधुरो आवाज स्पष्ट रूपमा सुने । जसै तिनी परमेश्वरको सोर सुन्न ठूलो आनन्द लिइरहेका थिए, परभप्रभुले तिनलाई भन्नुभयो, "तिमीलाई ५००० मानिसको लागि मात्रै चाहना गरिएको छैन । मैले तिम्रो अघिल्लो मण्डली नष्ट गरें किनभने म तिमीलाई लाखौं मानिसहरूका निम्ति प्रयोग गर्न चाहन्थें ।"

परमप्रभुले गुँडलाई नष्ट गर्नुभयो ताकि चराले आफैं उड्न र आफैं आफ्नो खाना खोज्न सकोस् । याकूबले आफ्नो सपनामा कस्तो भऱ्याङ देखे ? भऱ्याङको टुप्पोमा तिनले परमप्रभुलाई देखे । त्यो भऱ्याङको बारेमा सिक्नको लागि हामी यूहन्ना १:५१ मा हेरौं: **अनि उहाँले तिनलाई भन्नुभयो, "साँच्चै, म तिमीलाई भन्दछु, तिमीहरूले स्वर्ग उघ्रिएको र परमेश्वरका दूतहरूलाई मानिसको पुत्रमाथि उक्लँदै र ओर्लँदै गरेका देख्नेछौ ।"** त्यो भऱ्याङ येशू ख्रीष्ट आफैं हुनुहुन्छ । येशू ख्रीष्ट भऱ्याङ हुनुहुन्छ, जसद्वारा तपाईंका प्रार्थनाहरू परमेश्वर पिताकहाँ पुऱ्याइन्छ र उहाँका जवाफ तल ल्याइन्छ । **उहाँका शिर र केश ऊनजस्तो सेता र हिउँजस्तै सेता र उहाँका आँखा आगोका ज्वालाजस्तै थिए । उहाँका पाउहरू आगोको भट्टीमा खारेर टल्काएका काँसाजस्ता थिए... उहाँको दाहिने बाहुलीले सात वटा ताराहरू पक्रिराखेको थियो...** (प्रकाश १:१४-१६) । चहकिलो सूर्यजस्तो मुहार भएको येशू ख्रीष्ट हाम्रो निम्ति भऱ्याङ बन्नुभयो र उहाँ हामीसँग सदा हुनुहुन्छ र हामीलाई बचाउनुहुन्छ, हामीलाई कहिल्यै त्याग्नुहुन्न । अयूब ९:११ मा हामीले पढ्छौं, **"उहाँ मेरो छेउबाट भएर जानुहुन्छ, म उहाँलाई देख्न सक्दिनँ, उहाँ आफ्नो बाटो लाग्नुहुँदा मलाई थाहै हुँदैन ।"** जब उहाँले हामीलाई अंगाल्नुहुन्छ, हामीलाई आशिष् दिन उहाँ तयार हुनुहुन्छ, हामीचाहिँ त्यो कुरालाई महसुस गर्न असफल हुन्छौं ।

## २. पृथ्वीको आशिष्

जब हामीले स्वर्गीय आशिष् पाउँछौं, उहाँले त्योसँगै सांसारिक आशिष् पनि प्रदान गर्नुहुन्छ । पृथ्वीका



आशिष् अत्यन्तै महत्वपूर्ण छन् । **परमेश्वरले मोशासित सीनै पर्वतमा कुरा गरिसक्नुभएपछि उहाँका आफ्नो औंलाले लेखेका दुई शिला-पाटीहरू उहाँले तिनलाई दिनुभयो** (प्रस्थान ३१:१८) । मोशाले स्वर्गीय आशिष् प्राप्त गरेपछि तिनले पत्थरका शिला-पाटीमा लेखिएको परमप्रभुको व्यवस्था ल्याए, जुन सीनै पर्वतबाट पृथ्वीको आशिष् हो । पृथ्वीको यो आशिष् मानिसहरूलाई अगुवाइ गर्न, सन्तानलाई मार्ग देखाउन र परिवारलाई सहायता गर्न आवश्यक थियो । मोशा पर्वतबाट तल आउन ढिला गरेका हुनाले मानिसहरूले हारूनलाई बाछो बनाउन लगाए र त्यसलाई आराधना गर्न सुरु गरे । जब मोशाले त्यो देखे, तिनी अत्यन्तै रिसाए र रिसको झोंकमा तिनले पत्थरका शिला-पाटी फ्याँकिदिए र ती फुटे । हामीले स्वर्गीय र आत्मिक आशिष् मात्रै पाउनु पर्याप्त कुरा होइन । हामीलाई पृथ्वीको आशिष् पनि चाहिन्छ । यो आशिष्ले पीडा, मानसिक तनाव र शोकलाई हटाउनेछ । यसले सांसारिक आशिष् प्राप्त गर्न पनि हामीलाई सहायता गर्छ । यो आशिष् पनि परमेश्वरबाट आउँछ । हामीले निश्चय नै यो सांसारिक आशिष् प्राप्त गर्नुपर्छ । हामीले यो आशिष् हाम्रा मानिसहरू, हाम्रा सन्तानहरू र हाम्रा परिवार र तिनीहरूलाई

*....Contd. to page 6*

**नहेम्याह बाइबल**
**आवासीय कलेज, चेन्नाइ**
**माध्यमः हिन्दी**
*ATA- सदस्यताको निम्ति दर्ता भएको उम्मेद्वार*
विगत ५३ वर्षदेखि अन्तरराष्ट्रिय ख्रीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
**ईश्वरशास्त्रमा प्रमाणपत्र: एक वर्ष**
**ईश्वरशास्त्रमा डिप्लोमा: दुई वर्ष**
योग्यता: दश कक्षा र सोभन्दा माथि
भर्नाको लागि छिट्टै गर्नुहोस् ।
**Contact : The Chairman, Nehemiah Bible College.**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ अनलाइन कक्षाहरु उपलब्ध छन् ★

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरलाई प्रशंसा गरौं...

नोभेम्वर १९: हाम्रो बाइबल पत्राचार कोर्स र ईश्वरशास्त्रीय कोर्सको वृद्धिको निम्ति ।

नोभेम्वर २०: हाम्रा प्रार्थनाका साझेदार, ग्राहकवर्ग, विश्वासका साझेदार, जीवनका साझेदार, महान् आज्ञाका साझेदार र उहाँका परिवारहरूका निम्ति ।

नोभेम्वर २१: हाम्रो छापाखानामा १६ वटा भाषामा हाम्रो पत्रिका छाप्न र प्रकाशन गर्न र मिसनका क्षेत्रमा पठाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

नोभेम्वर २२: अक्टोवर महिनामा भएका हाम्रा सबै आवश्यकताहरू पूरा गर्नुभएको निम्ति ।

नोभेम्वर २३: हाम्रो अस्पताल सेवकाइमा परमेश्वरको आश्चर्यकर्मको निम्ति ।

नोभेम्वर २४: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरू र त्यसका विश्वासीहरूका निम्ति ।

नोभेम्वर २५: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** प्रधानाध्यापक, शिक्षकहरू र अन्य कर्मचारी सदस्यहरूका निम्ति ।

नोभेम्वर २६: बहुसंख्यक सेवकाइहरूबाट सुसमाचार प्रचार गर्ने आफ्नो समर्पणताको निम्ति हाम्रो सिनियर पास्टरको निम्ति ।

नोभेम्वर २७: नयाँ विश्वासीहरूका साथमा हाम्रो मण्डलीलाई आशिष् दिनुभएको निम्ति ।

नोभेम्वर २८: नयाँ कर्मचारीहरूका साथमा हाम्रो संस्थालाई आशिष् दिनुभएको निम्ति ।

नोभेम्वर २९: १२.०९.२०२२ मा भएको अगुवाहरूको आशिषित भेटघाटको निम्ति ।

नोभेम्वर ३०: ३०.०९.२०२२ मा संचालन भएको चेपकाउका सबै विश्वासीहरूको प्रार्थना सभामा आशिष् दिनुभएको निम्ति ।

डिसेम्वर १: हाम्रा सबै कर्मचारी सदस्यहरू र उहाँका परिवारहरूलाई आशिष् दिनुभएको निम्ति ।

डिसेम्वर २: हाम्रा सहसम्पादकहरू र उहाँको सहकार्यको निम्ति ।

डिसेम्वर ३: सुसमाचार नपुगेका जातिहरूमा सुसमाचार फैलाउन मुख्य मण्डली र शाखा मण्डलीहरूमा भएका हाम्रा आइतवारका सेवा र सेवकाइको निम्ति ।

### कृपया प्रार्थना गरौं...

डिसेम्वर ४: सबै देशहरूको एकता र शान्तिको निम्ति ।

डिसेम्वर ५: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल** र **नहेम्याह बाइबल कलेजका** कर्मचारी सदस्यहरू र विद्यार्थीहरूका निम्ति ।

डिसेम्वर ६: **हाम्रो बोलावटको प्रतिध्वनिका** सहसम्पादकहरू र उहाँका परिवारहरूका निम्ति ।

डिसेम्वर ७: हाम्रो परिसरभित्र हाम्रो काम गर्ने समयभरि हाम्रा कर्मचारी र छापाखानालाई सुरक्षित र स्वस्थ राखिदिनको निम्ति ।

डिसेम्वर ८: हाम्रो **नहेम्याह बाइबल कलेजका** आवासीय विद्यार्थीहरूको स्वास्थ्यको निम्ति ।

डिसेम्वर ९: सिद्धि, कोन्कानी र मनीपूरी भाषामा **बोलावटको प्रतिध्वनि** पत्रिका प्रकाशन गर्नको निम्ति ।

डिसेम्वर १०: हाम्रो संस्थाको निम्ति उपयुक्त कर्मचारीहरू भर्ना गर्नको निम्ति ।

डिसेम्वर ११: युवाहरूका बीचबाट आत्महत्या गर्ने आत्मा हटेको होस् ।

डिसेम्वर १२: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूका सबै सदस्यहरूको लाभको निम्ति ।

डिसेम्वर १३: यो महिनाको हाम्रा आवश्यकता परमेश्वरले पूरा गर्नुभएको होस् ।

डिसेम्वर १४: हाम्रो **बोलावटको प्रतिध्वनिका** प्रान्तीय संयोजकहरू र सेवकाइका क्रियाकलापहरूमा हाम्रा साझेदारहरूका निम्ति ।

डिसेम्वर १५: हाम्रो सेवकाइको वृद्धि र संसारभरि सुसमाचार प्रचार फैलनको निम्ति ।

डिसेम्वर १६: संसारतरि सबै महिला र बालबालिकाको सुरक्षाको निम्ति ।

डिसेम्वर १७: हाम्रो सिनियर पास्टरको जीवनी लेख्न सफलताको निम्ति ।

डिसेम्वर १८: सबै प्रकारका दुष्ट शक्तिबाट हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूको ईश्वरीय सुरक्षाको निम्ति ।

....Contd. from page 4

अगुवाइ गर्न प्रयोग गर्न सक्छौं । धेरै परिवारहरू ठूलो समस्यामा परेका छन् किनकि तिनीहरूले यो आशिष् प्राप्त गरेका छैनन् । स्वर्गीय आशिष् मात्रै पर्याप्त छ भन्ने सोचाइमा धेरै मानिसहरूले सांसारिक आशिष् अस्वीकार गरेका छन् र परमेश्वरले तिनीहरूलाई दिनुभएको कुरालाई तोडेका छन् । त्यसैले, तिनीहरू शोकमा जिउँछन् ।

अयूबले एकै दिनमा आफ्ना सम्पूर्ण सांसारिक आशिष् गुमाएका थिए। तिनले एकै दिनमा ७,००० भेडा, ३,००० ऊँट, ५०० हलगोरु, आफ्नै छोराहरू र छोरीहरू र सेवकहरू गुमाए। अयूबलाई थाहा थियो, तिनले गुमाएका हरेक थोकहरू तिनका परमप्रभु परमेश्वरले दोब्बर गरी फिर्ता दिन सक्नुहुन्छ । उहाँले तिनलाई कहिल्यै त्याग्नुहुन्न भनेर तिनले विशवास गरे । शैतानले ल्याएको परीक्षाको कारण हामीले सांसारिक आशिष् गुमाउनुपरे पनि परमेश्वरले त्यो दोब्बर गरी दिन सक्नुहुन्छ । **"काँसाका ढोकाहरू म टुक्रा-टुक्रा पार्नेछु र फलामका बारहरू काट्नेछु । तँलाई अँध्यारो ठाउँमा भएको भण्डार र गुप्त स्थानमा जम्मा गरेका धन दिनेछु... तैले मलाई स्वीकार नगरेको भए पनि मैले तँलाई सम्मानको पद दिएको छु"** (यशैया ४५:२-४) ।

**परमप्रभुले मोशालाई भन्नुभयो, "पहिलेका जस्तै ढुंगाका दुई वटा पाटी काटेर ले । म ती पाटीमा त्यही कुरा लेख्नेछु, जो तैले फुटाएको पहिलेका पाटीमा लेखिएका थिए"** (प्रस्थान ३४:१) ।

तपाईंले परमेश्वरको प्रतिज्ञा वा सांसारिक आशिष् तोड्नुभएको छ भने परमेश्वरले फेरि त्यो तपाईंलाई फिर्ता दिन तयार हुनुहुन्छ भनेर कृपया बुझ्नुहोस्। विश्वासमा काम गर्नुहोस्। परमेश्वरले निश्चय नै तपाईंका आवश्यकताहरू पूरा गर्नुहुनेछ ।

## ३. स्तनका आशिष्हरू

स्तनका आशिषेहरूले आमालाई प्रतिनिधित्व गर्दछ, जसले सन्तानहरू हुर्काएका छन्। योसेफले स्तनको आशिष् र गर्भको आशिष् प्राप्त गरेका थिए । २ राजा ४:८ मा हामीले सनेमको स्त्रीको बारेमा पढ्छौं, जो आदरणीय थिइन् । परमेश्वरका सेवकहरूको सेवा गर्ने बानी तिनमा थियो । तिनले माथिल्लो कोठा बनाएकी थिइन् र सेवकहरूलाई त्यहाँ राख्थिन्। तिनले तिनीहरूका



सारा आवश्यकता पूरा गर्थिन्, ...**"हेर, तिमीले हाम्रा निम्ति यी सबै दुःख गरेका छौ । अब तिम्रो निम्ति के गर्न सकिन्छ ?"...** (२ राजा ४:१३) एलीशाले सोधे। यसैबाट हामीले जान्दछौं कि तिनले परमेश्वरका जनको निकै वास्ता गरेकी थिइन् । येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई भन्नुभयो, **"किनभने जसले तिमीहरू ख्रीष्टका हौ भनेर तिमीहरूलाई मेरो नाउँमा एक कचौरा पानी पिउन देला, साँच्चै म तिमीहरूलाई भन्दछु, त्यसले कुनै किसिमले आफ्नो इनाम गुमाउनेछैन"** (मर्कूस ९:४१) । परमेश्वरका सेवकहरूलाई तपाईंले दिनुभएको सेवा स्वर्गले पहिचान गर्दछ। परमेश्वरका जनहरू को हुन्? तिनीहरूले तपाईंको आत्मा र प्राणको सुधारको लागि संघर्ष गर्छन्। तपाईं जीवनमा सफल बन्नुभएको होस् भनेर तिनीहरूले प्रार्थना गर्छन् । तिमीहरूले तपाईंको बारेमा स्वर्गमा परमेश्वरलाई प्रतिवेदन दिन्छन् । **"परमप्रभु मेरो गोठालो हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन"** (भजनसंग्रह २३:१) । गोठालोको हातमा भएको लौरो सानो हाँगाहरू तानेर तल ल्याउनमा उपयोगी हुन्छ ताकि भेडाहरूले ती खान सकून् । जब भेडाले जमीनमा भएको घाँस खान पूरा गर्छ, गोठालोको लौरो रूखबाट पातहरू तल तान्नको लागि प्रयोग हुन्छ। योचाहिँ स्तनको आशिष् हो। जसरी आमाले आफ्ना स्तनबाट बच्चालाई दूध खुवाउँछिन्, त्यसरी नै परमेश्वरका सेवकहरूले परमप्रभुको आशिष् तल ल्याउँछन् र ती मानिसहरूलाई प्रदान गर्छन् । त्यसकारण, हामीले परमेश्वरका सेवकहरूबाट स्तनहरूका आशिषहरू हामीले प्राप्त गर्नुपर्छ।

**"...तर हन्नाहको कुनै बच्चा थिएन"** (१ शमूएल १:२)। **"...किनभने परमप्रभुले तिनको कोख बन्द गरिदिनुभएको थियो"** (१ शमूएल १:६) । तिनको गर्भ बन्द गरिदिनुहुने परमप्रभु हुनुहुन्थ्यो भनेर यी पदहरूले हामीलाई बताउँछ। तिनले परमप्रभुलाई पुकारा गरिन् र उहाँले तिनलाई पुरुष बच्चा दिनुहुन्छ भने, तिनले त्यसको जीवनका


नहेम्याह बाइबल
साँझको कलेज

चेपाउक र सन्थोसापुरम, चेन्नाइ

ECHO OF HIS CALL (ECHO GROUP)

माध्यमः तामिल

Regd. Candidate for Membership ATA NEHEMIAH BIBLE COLLEGE CHENNAI ECHO OF HIS CALL ★ Estd.: 1969

*ATA- सदस्यताको निम्ति दर्ता भएको उम्मेद्वार*

विगत ५३ वर्षदेखि अन्तरराष्ट्रिय ख्रीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको

ईश्वरशास्त्रमा प्रमाणपत्रः एक वर्ष
ईश्वरशास्त्रमा डिप्लोमाः दुई वर्ष

योग्यताः दश कक्षा र सोभन्दा माथि
भर्नाको लागि छिटो गर्नुहोस्।

Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

★ अनलाइन कक्षाहरु उपलब्ध छन् ★

सबै दिनहरू परमप्रभुलाई दिनेछिन् भनेर प्रतिज्ञा गरिन् ।

१. **"बच्चा गर्भाधारण गर्नु" भनेको "परमेश्वरको दर्शन स्वीकार गर्नु" हो** - यो मात्रै महत्वपूर्ण होइन ।

२. **बच्चा जन्मनुपर्छ** - यसको अर्थ परमप्रभुको दर्शन प्राप्तद्वारा हामी परिणामप्रति केन्द्रित हुनुपर्छ भन्ने हो ।

३. **त्यसपछि तपाईंले बच्चा हुर्काउनुपर्छ** - तपाईंले परमप्रभुको दर्शन एक पटक प्राप्त गरिसकेपछि तपाईंले दर्शन हुर्काउनुपर्छ र त्यसलाई अत्यन्तै सावधानीपूर्वक कार्यान्वयनमा ल्याउनुपर्छ ।

परमेश्वरका सेवक केही त्यस्ता आमाहरूजस्ता हुनुहुँदैन, जसले आफ्ना नयाँ जन्मेका बच्चालाई फोहरको थुप्रोमा फालिदिन्छन् । सुसमाचार प्रचार गरेर हामीले अरूमा परमेश्वरको दर्शन सृजना गर्न सक्छौं । तर जब तिनीहरूले त्यो प्राप्त गर्छन्, हामीले तिनीहरूलाई एक्लै छोड्न सक्दैनौं । हामीले ती आत्माहरूलाई सत्यतामा, वचनमा र आत्मामा उठाउनुपर्छ । उत्पत्ति २१:८ मा हामीले पाउँछौं कि अब्राहामको बच्चा हुर्किएको थियो र दूध खान छोडेको थियो । बच्चाले दूध खान छोडेपछि अब्राहामले ठूलो भोज दिएका थिए । मण्डलीमा भएको व्यक्तिले दर्शन प्राप्त गरिसकेपछि, परमेश्वरका सेवकले उसलाई आत्मिक सत्यता प्राप्त गर्न र त्यसमा हुर्कन निर्देशन दिनुपर्छ । जसरी आमाले आफ्ना छोराछोरीलाई हुर्काउन दूध खुवाउँछिन्, स्तनका आशिष् प्राप्त गर्ने परमेश्वरका सेवकहरू पवित्र आत्माको शक्तिमा खडा हुनुपर्छ र त्यो मण्डली र मानिसहरूमा हस्तान्तरण गर्नुपर्छ र तिनीहरूलाई हुर्कन सहायता गर्नुपर्छ । परमेश्वरको मण्डली बलियो गरी निर्माण हुनुपर्छ । ...**नरकका ढोकाहरू त्यसमाथि विजय हुनेछैनन्** (मत्ती १६:१८) । परमेश्वरका मानिसहरू परमेश्वरको मण्डलीमा जरा गाडिएका हुनुपर्छ । **तिनीहरू परमप्रभुको भवनमा रोपिएका हुन्छन्, हाम्रा परमेश्वरका चोकहरूमा तिनीहरू मौलाउँछन्** (भजनसंग्रह ९२:१३) ।

## ४. गर्भका आशिषहरू

**जब एलीशा घरमा पुगे, तब तिनले आफ्नो ओछ्यानमा राखिएको त्यस ठिटालाई मरिसकेको भेट्टाए । तिनी कोठाभित्र पसे र ती दुई मात्र भित्र गएर तिनले कोठाको ढोका थुने र परमप्रभुलाई प्रार्थना गरे । त्यसपछि ओछ्यानमाथि चढेर आफ्ना मुख त्यसका मुखमा, आफ्ना आँखा त्यसको आँखामा र आफ्ना हात त्यसका हातमा राखेर तिनी त्यस बालकमाथि लमतन्न पल्टिए । जब तिनी त्यसमाथि लमतन्न परे, तब त्यस बालकको शरीर तातो हुँदै गयो । एलीशा उठे र कोठाभित्र यताउता हिँडे र फेरि एक पल्ट ओछ्यानमा चढेर तिनी त्यसमाथि लमतन्न परे । तब त्यस ठिटाले सात खेप छिउँ काढ्यो र आँखा खोल्यो** (२ राजा ४:३२-३५) ।

यो पनि परमेश्वरको सेवकबाट मानिसहरूद्वारा प्राप्त गरिएको आशिष् हो । जसरी आमाले पीडाले पूर्ण भएर बच्चा जन्माउँछिन्, त्यसरी नै परमेश्वरका सेवकहरूले परमेश्वरको शक्ति प्राप्त गर्छन् र मानिसहरूमा सुसमाचार प्रचार गरेर, तिनीहरूलाई हुर्कन सहायता गरेर र मण्डलीमा अरू मानिसहरूलाई पनि ल्याउन उनीहरूलाई उत्साह दिएर त्यसलाई सक्रिय बनाउँछन् र यसरी धेरै मण्डलीहरू स्थापित हुन्छन् । यस कुरामा परमेश्वरका सेवकहरूको भूमिका महत्वपूर्ण छ । परमेश्वरबाट तिनीहरूले जस्तोसुकै आज्ञा पाए पनि त्यो मानिसहरूलाई र मण्डलीलाई असफल नभईकन गरिनुपर्छ । तिनीहरूले परमेश्वरको आज्ञालाई पनि बचाउनुपर्छ ।

जब हामीले परमेश्वरको सेवा गर्न उहाँको बोलावट पाउँछौं, हामीले त्यो स्वीकार गर्नुपर्छ र त्यसबाट पछि हट्नुहुँदैन । येशू ख्रीष्टका चेला थोमा आफ्नै तरिकामा भारतमा आए, जबकि तिनलाई भारतको भाषा र संस्कृतिको बारेमा केही पनि कुरा थाहा थिएन । तिनले आफ्नो विश्वासद्वारा परमेश्वरको शक्ति प्रकट गर्न

*....Contd. to page 9*


## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ ख्रीष्टियानहरू र गैहृख्रीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं । तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ । तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ । **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन** । यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र ख्रीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ । यसको लागि शुल्क रु. १,०००/- लाग्नेछ । १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ । तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**

**Echo of His Call, Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ । यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला ।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।**

# परमेश्वर पर्याप्त हुनुहुन्छ । GOD IS SUFFICIENT!

**"... परमप्रभुको खोजी गर्नेहरूलाई कुनै उत्तम कुराको अभाव हुँदैन" (भजनसंग्रह ३४:१०)**

१९६९ को वर्षदेखि जब हामीले **बोलावटको प्रतिध्वनि सेवकाइहरू** सुरु गरेका थियौं, हाम्रो बहुसंख्यक सेवकाइकहरूका निम्ति हामीलाई आर्थिक कमी थियो । हामीले कर्मचारीको तलब, छाप्ने कागजहरू, हुलाकका टिकटहरू, टेलिफोनको शुल्क, बिजुलीको शुल्क, भवनहरूको भाडा, यातायात, चन्दा, आदिको निम्ति पैसाको चाहना गर्थ्यौं ।

व्यक्तिगत रूपमा भन्नुपर्दा मेरो प्रभु येशू ख्रीष्ट मेरो निम्ति पर्याप्त हुनुहुन्छ । मैले पैसाको आशा राखेर आजको दिनसम्म कसैको ढोका वा कार्यालय ढक्ढक्याउन कहिल्यै गएको छैन । आर्थिक सहायताको निम्ति मेरो आफ्नै मण्डलीका सदस्यहरू वा साथीहरूकहाँ जाने पनि मेरो बानी थिएन । तर आजसम्म मलाई बोलाउनुहुने प्रभुले आफ्नो आश्चर्यलाग्दो तरिकामा समयमा नै मेरा सबै आवश्यकता पूरा गर्नुभएको छ ।

**उहाँले हरेक थोकलाई त्यसको समयमा सुन्दर बनाउनुभयो...** (उपदेशक ३:११) ।

आवश्यकता र कठिनाइको समयमा मैले "मेरो सहने समय," "जब परमेश्वरले प्रार्थना गर्न मलाई बाध्य बनाउनुभएको समय" र "प्रार्थनामा परमेश्वरसँग राम्रो सम्बन्ध बनाउने समयको" रूपमा त्यस्तो अवस्थाहरूमा हेर्ने बानी बनाएको थिएँ । यी अनुभवपछि मैले ठूलो आश्चर्यकर्ममा आनन्द गरेको थिएँ । यस्ता अवस्थाहरूमा परमेश्वरले मलाई सहायता गर्न विभिन्न नचिनेका मानिसहरूलाई उठाउनुभयो । धेरै पटक मैले नचिनेका मानिसहरूबाट परमेश्वरले मलाई र मेरो परिवारलाई खुवाउनुभयो ।

१९७५ मा मैले बिपुजी छापाखानालाई ३०० भारतीय रुपैयाँ तिर्नुपर्ने थियो, जहाँ हाम्रो पत्रिका बोलावटको प्रतिध्वनि छापिन्थ्यो । मेरो हातमा पैसा नभएको हुनाले त्यो भुक्तानी गर्न ढिला भइरहेको थियो । एउटा विशेष बिहीवार, मैले त्यो छापाखानको व्यवस्थापकलाई म अर्को सोमवार पैसा तिरिदिनेछु भनेर बताएँ । तर त्यो रकम प्राप्त गर्न मसँग कुनै आम्दानीको स्रोत थिएन । म पैसा तिर्न असफल भएँ भने त्यो महिनाको निम्ति बोलावटको प्रतिध्वनि प्रकाशन गर्न म असमर्थ हुन्थें र सरकारबाट धेरै परिणामहरूको सामना गर्नुपर्थ्यो, जसले मलाई धेरै समस्या दिन्थ्यो । मेरो आवश्यकताको बारेमा मैले परमेश्वरमा प्रार्थना गरें र शान्तिमा रहें । मैले अर्को आइतवारसम्मै आवश्यक भएको रकम प्राप्त गरिनँ ।

सोमवार बिहान, जब मैले हुलाक कार्यालयमा बाकस खोलें, मैले दक्षिण भारतमा भएको मादुराइ र टुटीकोरिनको बीचमा पर्ने एउटा सानो गाउँ नागालापुरमबाट एउटा खाम प्राप्त गरें । त्यो खामभित्र ३०० रुपैयाँको बैंक डिमाण्ड ड्राफ्ट (जुन काटिएको थिएन) थियो । त्यो दिनको निम्ति मेरो आवश्यकताको निम्ति त्यो पैसा पर्याप्त थियो । मैले प्रतिज्ञा गरेअनुसार छापाखानाको बाँकी रकम तिर्न परमेश्वरले मलाई सक्षम बनाउनुभयो । परमेश्वरलाई महिमा होस् ।



धेरै वर्षपछि नागालापुरम गाउँमा भएको त्यो व्यक्तिलाई भेट्न म गएँ । त्यो व्यक्ति जुत्ता सिलाउने मानिस थिएन भनेर थाहा पाउँदा म आश्चर्यचकित भएँ ।

मलाई देखेर उहाँ अत्यन्तै खुसी हुनुभएको थियो । उहाँले भन्नुभयो, "सर, त्यो विशेष बिहीवार, कोही मेरो हृदयमा बोल्नुभएको मैले महसुस गरें, जसले ३०० रुपैयाँ पठाउन मलाई उक्साइरहनुभएको थियो, जुन त्यो समयमा **बोलावटको प्रतिध्वनि सेवकाइलाई** पठाउन मसँग भएको रकम थियो । त्यसैले मैले त्यो रकम शुक्रवार पठाएँ र तपाईंले सोमवार प्राप्त गर्नुभयो ।"

त्यसकारण, प्रभु येशू ख्रीष्टले मेरो जीवनमा आश्चर्यकर्म गर्नुहुन्छ । हामीसँग स्थायी आर्थिक सहायता नभए पनि ख्रीष्टले यस्ता अपरिचित व्यक्तिबाट हाम्रा आवश्यकताहरू पूरा गर्नुहुन्छ ।

हो, वास्तवमा यो कठिन बाटो हो । तापनि, हरेक दिन परमेश्वरको महिमाको महान्ताको साक्षी हुन म सक्षम भएको छु । परमप्रभु मेरो गोठालो हुनुहुन्छ । मलाई केही कुराको अभाव हुँदैन ।

**परमप्रभु मेरो गोठालो हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन** (भजनसंग्रह २३:१) ।

**जो बुद्धिमान छ, त्यसले यी कुराहरूमा ध्यान देओस्...** (भजनसंग्रह १०७:४३) । ■ ■ ■

*पृष्ठ ७ बाट*

सक्थे । तिनको इमानदार सेवाको कारण, परमेश्वरको महिमा प्रकट भएको थियो । मानिसहरूले भीडमा नै पश्चात्ताप गरेका थिए । ३० लाख मानिसहरूले पश्चात्ताप गरेका थिए भनेर उल्लेख गरिएको छ । तीमध्ये ७ लाख मानिसहरू परमेश्वरको अनुग्रहद्वारा सेवकाइमा छन् । यी मानिसहरूले उपयुक्त प्रकारले काम गरेका भए, कति धेरै मानिसहरूले पश्चात्ताप गर्नेथिए र परमेश्वरका सन्तान बन्ने थिए भनेर हामीले कल्पना गर्न सक्छौं । यो कुरालाई प्राप्त गर्न हामीलाई गर्भका आशिष् आवश्यक पर्छ । जसरी आमाले पीडामा आफ्नो सन्तानलाई जन्म दिन्छिन्, हामी उहाँको सेवकाइप्रति हाम्रो बोलावटमा इमानदार र समर्पित हुन्छौं भने हामीले मानिसहरूलाई पश्चात्तापमा ल्याउन पनि सक्छौं ।

२ राजा ४:१८ पदले आफ्नो बुबाकहाँ गएको छोराको बारेमा बताउँछ, जो खेतालाहरूसँग थिए । बच्चा हुर्कनुपर्थ्यो र पिताको सेवा गर्नुपर्थ्यो। त्यस्तै गरी जब मण्डली वा परमेश्वरका सेवकहरू र मण्डलीका सदस्यहरू हुर्कन्छन्, तिनीहरूले पनि अरूलाई सेवा गर्नुपर्छ । **त्यसले आफ्ना बुबालाई कराएर भन्यो, "मेरो कपाल दुख्यो, मेरो कपाल दुख्यो ।" त्यसका बुबाले एउटा नोकरलाई भने, "त्यसलाई त्यसकी आमाकहाँ लैजा"** (२ राजा ४:१९) । जसरी बच्चा बिरामी भएको थियो, परमेश्वरका सेवकहरू र विश्वासीहरूले पनि आफ्नो प्रार्थनको जीवन, सेवकाइ वा मण्डलीमा आउँदा समस्याहरू सामना गर्न सक्छन् । हामीले यस्ता समस्याहरू बेवास्ता गर्न सक्दैनौं । यो रोग हो, हामीले यसलाई बेवास्ता गर्नुहुँदैन । यसलाई बेवास्ता गरिन्छ भने त्यसले आत्मिक मृत्यु ल्याउन सक्छ । यो अवस्थामा, त्यो यस्तो हुन सक्छ । बच्चा आमाको काखमा मरेको थियो । हाम्रो सेवकाइ वा हाम्रा आत्मिक प्रयासमा हामीले आत्मिक मृत्यु सामना गर्छौं भने हामी मण्डलीमा जानु र परमप्रभु परमेश्वरको नजिक जानु आवश्यक हुन्छ । आमाले मात्रै बच्चा बचाउन सक्छिन् । जब हामी मण्डलीकहाँ जान्छौं, जो हाम्रो आमा हुनुहुन्छ, प्रभुले हामीलाई निश्चय नै बचाउनुहुनेछ । मरेकाहरूले परमेश्वरको निम्ति केही पनि गर्न सक्दैन र तिनीहरू उहाँको निम्ति चम्कन सक्दैनन् ।

इजकिएल ४७:३-५ मा हामीले पढ्छौं कि पानीमा एक हजार हात नापिएको थियो । त्यो समयमा पानी गोलीगाँठासम्म थियो । फेरि अर्को एक हजार हात मापन गरिएको थियो, पानी घुँडासम्म थियो । फेरि अर्को १००० हात मापन गरिएको थियो र पानी कम्मरसम्म थियो । फेरिजब अर्को एक हजार हात नापिएको थियो, पानी नदीजस्तै थियो र अगमवक्ताले त्यो पार गर्न सकेनन् । परमेश्वरले त्यो किन सानो-सानो गरेर नाप्नुभयो ? कारणचाहिँ यही हो कि परमेश्वरले हामीलाई दिनुभएको कुरालाई हामीले उपयुक्त प्रकारले पार गर्छौं भने अर्को आशिष् मापन गरिनेछ र दिइनेछ। त्यसैले परमेश्वरले यहाँ जे कुरा प्रकट गर्नुभएको छ, जब हामीले परमेश्वरले दिनुभएको कुरा उपयुक्त प्रकारले प्रयोग गर्छौं, अर्को आशिष् हामीकहाँ आउनेछ। जब हामीले हाम्रो मण्डलीलाई उपयुक्त प्रकारले हेर्छौं वा परमेश्वरले हामीलाई दिनुभएको सेवा उपयुक्त प्रकारले गर्छौं, हामीले प्रशस्त मात्रामा परमेश्वरको आशिष् प्राप्त गर्नेछौं र हामीले त्यसमा ठूलो वृद्धि देख्न सक्छौं ।

गन्ती १६:३६-३८ मा हामीले यो पढ्छौं: **परमप्रभुले मोशालाई भन्नुभयो, "हारून पूजाहारीको छोरो एलाजारलाई जलिरहेको ज्वालाबाट धुपौराहरू निकाल्न र फिलिङ्गा निकै टाढा लगेर छरिदिनलाई अह्रा किनभने ती धुपौराहरू पवित्र छन्- ती आफ्नै प्राणको हानि गरुञ्जेल पाप गर्नेहरूका धुपौराहरू । ती धुपौराहरूबाट वेदी मोहोर्ने पाताहरू पिटेर बनाउनू किनभने ती परमप्रभुको सामु चढाएका हुनाले पवित्र छन् । ती पाताहरूचाहिँ इस्राएलीहरूका निम्ति चिन्ह होऊन् ।"**

पवित्र बासस्थानमा बाकस, सामदान र वेदी सोही स्थानमा रहिरहनेछन् । तर पूजाहारीको हातमा धुपौराहरू राखिनेछन् र पूजाहारी जहाँ जान्छन्, त्यहीँ जानेछन् । अब, धुपौरा नचाहिने स्थानमा अड्किएका छन् । पवित्र स्थानबाट आउनुपर्ने धुपौराहरू तर यहाा हामलि त्यो बाहिरी स्थानमा भएको पाउँछौं । धुपौराहरूलाई वेदीलाई मोहोर्न सक्ने पाताहरू पिटेर बनाउन परमप्रभुले आज्ञा दिनुभयो । हाम्रो आत्मिक वृद्धि पनि स्वर्गमा पुग्नुपर्छ र मार्गमा रोकिनुहुन्न भनेर हामीले थाहा गर्नुपर्छ । हामीले पाएका केही विशेष आत्मिक अनुभवसाग हामीले सन्तुष्ट हुनुहुँदैन । हामी निरन्तर आत्मिक रूपमा हुर्कनुपर्छ र परमेश्वरको सेवा गर्नुपर्छ ताकि हामी परमेश्वरको राज्यमा प्रवेश गर्न सकौं ।

२ राजा ४:२१-३५ मा हामीले पाउँछौं कि मरेको बच्चालाई उठाउन गधा, सेवक, आमा, परमेश्वरको सेवक र उसको सहायकले आफ्नो सक्दो प्रयास गरेका थिए । यी पाँच व्यक्तिहरूलाई सुसमाचार प्रचारकहरू, प्रेरितहरू, अगमवक्ताहरू, पास्टरहरू र शिक्षकहरूमा तुलना गर्न सकिन्छ । यीचाहिँ मुख्य मानिसहरू हुन्, जसलाई गर्भका आशिष् दिन हामीलाई दिइएका छन् । यीमध्ये तीन जना व्यक्ति परमेश्वरका मानिस एलीशाकहाँ जाने गर्थे । त्यसपछि चौथो व्यक्ति अगमवक्ता एलीशाका सहायक गेहजीले एलीशाको दण्डबाट मरेको बच्चालाई ब्यूँताउन खोजे । ऊ त्यसलाई उठाउन असफल भएका हुनाले तिनीहरूले बच्चालाई एलीशाकहाा लगे ।

**जब एलीशा घरमा पुगे, तब तिनले आफ्नो ओछ्यानमा राखिएको त्यस ठिटालाई मरिसकेको भेट्टाए । तिनी कोठाभित्र पसे र ती दुई मात्र भित्र गएर तिनले कोठाको ढोका थुने र परमप्रभुलाई प्रार्थना गरे । त्यसपछि ओछ्यानमाथि चढेर आफ्ना मुख त्यसका मुखमा, आफ्ना आँखा त्यसको आँखामा र आफ्ना हात त्यसका हातमा राखेर तिनी त्यस बालकमाथि लमतन्न पसिए । जब तिनी त्यसमाथि लमतन्न परे, तब त्यस बालकको शरीर तातो हुँदैगयो । एलीशा उठे र कोठाभित्र यताउता हिँडे र फेरि एक पल्ट ओछ्यानमा चढेर तिनी त्यसमाथि लमतन्न परे । तब त्यस ठिटाले सात खेप छिउँ काढ्यो र आँखा खोल्यो** ( २ राजा ४:३२-३५) ।

बच्चालाई बचाउनको लागि एलीशाले विभिन्न तरिकाहरू कोसिस गर्नुपऱ्यो, यताउता हिँडे र अन्त्यमा बच्चा जीवित भयो । उसको प्रयासलाई आमासँग तुलना गर्न सकिन्, जसले ठूलो पीडा र प्रयासको साथमा बच्चालाई जन्म दिन्छिन् ।

त्यसै गरी, परमेश्वरका सेवकहरूले पनि बच्चा जन्माउने आमाजस्तै पीडा सहनुपर्छ । तिनीहरूले संघर्ष गर्नुपर्छ ताकि मानिसहरूका आत्मिक जीवन नष्ट नभएको होस् ।

जब बच्चाले सात पटक हाँच्छ्यू गरेको थियो, बच्चाको श्वासप्रश्वास प्रणालीलाई बन्द गर्ने धूलो हटेको थियो । मानिसहरूका निम्ति परमेश्वरका सेवकहरूले गर्ने कठोर परिश्रम गर्न तिनीहरूले छोड्नुहुन्न र मानिसहरूमा गर्भका आशिष् हस्तान्तरण गर्नुपर्छ ।

************

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

**नि:शुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर**

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले नि:शुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## OUR BANK DETAILS:

*1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

*2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

*3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th NOVEMBER 2022**

**If un-delivered please return to:**

**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers**, New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**